यो आयोजना तथ्याङ्क विवरण अनुवाद २०७१ फागुन १९ (३ मार्च २०१५) को अंग्रेजी मूल संस्करणमा आधारित छ।

ADB

# आयोजना तथ्याङ्क विवरण

आयोजना तथ्याङ्क विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ किनभने आयोजना तथ्याङ्क विवरण भनेको निरन्तर चलिरहेको प्रक्रिया हो। कतिपय जानकारी सुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीहरूलाई समेत क्रमवद्ध रूपमा समावेश गर्दै लगिने छ। प्रस्तावित आयोजनाका बारेमा समावेश गरिएका जानकारीहरू अनुमानित तथा साङ्केतिक हुन्।

| | |
|---|---|
| **तथ्याङ्क विवरण जारी मिति** | – |
| **विवरण अद्यावधिक मिति** | २०७१ फागुन १३ (२५ फेब्रुअरी २०१५) |

| | |
|---|---|
| **आयोजनाको नाम** | तेस्रो साना सहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना |
| **देश** | नेपाल |
| **आयोजना/कार्यक्रम नम्बर** | ३५१७३-०१३ |
| **अवस्था** | स्वीकृत |
| **भौगोलिक अवस्थिति** | – |

कुनै विशेष भूभाग वा भौगोलिक क्षेत्रको अवस्थिति वा सन्दर्भ उल्लेख गर्दा अथवा यो दस्तावेजमा 'देश' वा 'राष्ट्र' भन्ने शब्द प्रयोग गरिँदा एडीबीले यस्तो कुनै पनि भूभाग वा क्षेत्रको कानुनी एवं अन्य कुनै हैसियतका बारेमा निर्णायक अवधारणा व्यक्त गर्ने अभिप्राय राखेको हुँदैन।

| | |
|---|---|
| **क्षेत्र** | खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा |
| **उपक्षेत्र** | सहरी नीति, संस्थागत र क्षमता विकास,<br>सहरी सरसफाई<br>सहरी खानेपानी आपूर्ति |
| **रणनीतिक कार्यसूची** | वातावरणीय रूपमा दिगो वृद्धि<br>सामवेशी आर्थिक वृद्धि |
| **परिवर्तनका संवाहक** | लैङ्गिक समता र मूलप्रवाहीकरण<br>सुशासन र क्षमता विकास<br>साझेदारी |
| **लैङ्गिक समता र मूलप्रवाहीकरण श्रेणी** | श्रेणी १ : लैङ्गिक समता |
| **आयोजनाका दाताहरू** | – |

## ■ वित्तीय विवरण

| सहयोगको प्रकार/स्वरूप | स्वीकृत सङ्ख्या | वित्तीय स्रोत | स्वीकृत रकम ( अमेरिकी डलर हजारमा) |
|---|---|---|---|
| ऋण | ३१५७ | एसियाली विकास कोष | ६०,००० |
| अनुदान | ०४०५ | बिल एन्ड मेलिन्दा गेट्स फाउन्डेसन | १,३०० |
| – | – | समकक्षी | २७,७०० |
| **जम्मा** | | | **८९,००० अमेरिकी डलर** |

## ■ सुरक्षण वर्गीकरण

सुरक्षण वर्गीकरणबारे थप जानकारीका लागि कृपया हेर्नु होस्
http://www.adb.org/site/safeguards/safeguard-categories

| | |
|---|---|
| **वातावरण** | बी |
| **अस्वैच्छिक पुनर्वास** | बी |
| **आदिवासी जनसङ्ख्या** | सी |

## ■ वातावरणीय र सामाजिक विषय वस्तुको सारांश

### वातावरणीय पक्षहरू

वातावरणीय सुरक्षणका लागि आयोजनालाई बी श्रेणीमा वर्गीकरण गरिएको छ । एडिबीको सुरक्षण नीति कथन (२००९) बमोजिम नमुना उपआयोजनाहरूका लागि वातवरणीय व्यवस्थापन योजना (इएमपी)का साथै प्रारम्भिक वातावरणीय मूल्याङ्कन (आइईई)का तिन वटा मस्यौदा तयार पारिएका छन् । यी दस्ताबेजहरू स्वीकृत भएपछि सार्वजनिक गरिने छन् । सबै उपआयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन तयार पार्ने क्रममा तिनीहरूलाई अरू अद्यावधिक गरिने छ तथा टेन्डरको कागजातमा समावेश गरिनेछ ।नमुना उपआयोजनाहरूका लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कनको मस्यौदाले कुनै उल्लेख्य नकारात्मक प्रभाव नपर्ने अपेक्षा गरेको छ र आयोजनाले सारभूत रूपमा खुद वातावरणीय लाभ प्राप्त गर्ने निष्कर्ष दिएको छ । निर्माण र सञ्चालनको क्रममा आउन सक्ने कुनै पनि प्रभाव हटाइने छ वा वातावरणीय व्यवस्थापन योजनामा उल्लेख भएका उपायहरूमार्फत कम गरिनेछ, जुन सबै बोलपत्रका कागजातको हिस्सा बन्नेछ । नमुना उपआयोजनामा प्रयोग गरिएका उपायहरूमा (१) खानेपानी तथा सरसफाइ सुविधाहरूमा पर्याप्त मध्यवर्ती क्षेत्रको उपयोग र पानीको मुहान दूषित हुनबाट रोक्ने, र (२) उपआयोजनाहरूलाई संवेदनशील क्षेत्रभन्दा बाहिर स्थापना गर्ने समावेश छन् । भावी उपआयोजनाहरूको वातावरणीय मूल्याङ्कन गर्न मस्यौदा वातावरणीय मूल्याङ्कन तथा समीक्षा कार्य ढाँचा तयार गरिएको छ । कार्यान्वयनको क्रममा ऋण परामर्शदाताले आयोजना व्यवस्थापन कार्यालय र यसका क्षेत्रीय समकक्षीहरू तथा स्थानीय तहमा रहेका

वातावरणीण व्यवस्थापन योजनाकार (ईएमपी) लाई वातावरणीय प्रभाव व्यवस्थापनमा सहयोग गर्नेछ । एडिबीलाई वातावरणीय प्रतिवेदन अर्धवार्षिक रूपमा गरिने छ ।

## अस्वैच्छिक पुनर्वास

अस्वैच्छिक पुनर्वास लागि आयोजनालाई बी श्रेणीमा वर्गीकरण गरिएको छ । चन्द्रौटा, चारआली र महेन्द्रनगरका नमुना उपआयोजनाहरूका लागि स्थायी रूपमा जग्गा अधिग्रहण वा भौतिक स्थानान्तरणको आवश्यकता रहेको पाइएको छैन । निर्माण गरिने संचरनाका लागि आवश्यक अधिकांश जमिन मूल्य प्रदान गरेर वा सामुदायिक संस्था वा व्यक्तिगत जग्गाधनी वा सरकारी जग्गा दानबाट प्राप्त हुनेछ । महेन्द्रनगरमा उपआयोजनाका संरचनाहरू निर्माण गर्दा एक जना महिलाले नेतृत्व गरेको घरले जमिनप्रतिको पहुँच गुमाउनेछ । प्रभावित परिवारको जीविकाको पुनःस्थापना सुनिश्चित गर्न मस्यौदा पुनर्वास योजना तयार पारिएको छ । चन्द्रौटा र चारआलीका उपआयोजनाका लागि जग्गा दान एडिबीको सुरक्षण नीति कथन सिद्धान्त अनुकूल रहेको सुनिश्चित गर्न दुई वटा ड्यु डिलिजेन्स प्रतिवेदन तयार पारिएका छन् । खानेपानीको पाइपलाइन निर्माणबाट कुनै तत्कालीन (अस्थायी) प्रभाव पर्दैन । विस्तृत इन्जिनियरिङ डिजाइन भएपछि मस्यौदा पुनर्वास योजनालाई अद्यावधिक गरिने छ । भावी उपआयोजनाहरूको तर्जुमा गर्न सहयोग गर्न वा आयोजनाको कार्यान्वयनको क्रममा आउने पहिचान नगरिएको अस्वैच्छिक पुनर्वासको घटनामा सहयोग गर्न पुनर्वास कार्य ढाँचा तयार पारिएको छ । नमुना उपआयोजनाहरूको समीक्षाका आधारमा आदिबासी जनसङ्ख्याका सम्बन्धमा आयोजनालाई ग वर्गमा वर्गीकरण गरिएको छ ।

## आदिबासी जनसङ्ख्या

बाँकी आयोजना नगरहरूमा सहयोग गर्न र आयोजनाका गतिविधिहरूबाट जीवनयापन, संस्कृति, मर्यादा, र भूभागमा सम्झौता गर्नु नपरेको सुनिश्चित गर्न आदिबासी जनसङ्ख्या योजना कार्यढाँचा (आईपीपीएफ) तयार पारिएको छ । आदिबासी जनसङ्ख्या योजना कार्यढाँचा पछिको प्रभाव उल्लेख्य रहेको वा अस्वैच्छिक पुनर्वाससँग सम्बन्धित नरहेको अवस्थाका लागि आदिबासी जनजाति योजना (आईपीपी) तयार पारिएको छ, अन्यथा प्रभावित आदिबासी समुदाय वा व्यक्तिका लागि विशेष कार्यहरू पुनर्वास योजनामा समावेश गर्न सकिने छ ।

# ■ सरोकारवालासँग सञ्चार, सहभागिता र परामर्श

## आयोजनाको निर्माण (डिजाइन)को क्रममा

सरोकारवालाको सहभागिता र सञ्चार योजना तथा रणनीति प्रारम्भिक डिजाइनको चरणमा तर्जुमा गरिने छ । सहभागितासँग सम्बन्धित मुद्दाहरूमा समयमै ध्यान दिइएको सुनिश्चित गर्न नमुना उपआयोजनाहरूका लागि राष्ट्रिय सामाजिक सुरक्षण र पीपीटीएअन्तर्गत पुनर्वास विशेषज्ञ स्थानीय कार्यालयमा नै कार्यरत रहने छन् । बाँकी उपआयोजना नगरहरूमा ऋण परामर्शदाताले सरोकारवालाको सहभागिता र सञ्चार योजना रणनीतिको सुनिश्चितता एडिबीलाई चौमासिक प्रगति प्रतिवेदनमा अद्यावधिक उल्लेख गरी गर्नेछ । आयोजनाका मुख्य सरोकारवालाहरू साना नगरका बासिन्दा, स्थानीय व्यावसायिक समुदाय, उपभोक्ता समिति, सरकारी अधिकारी, नागरिक समाज संस्था र विकासका साझेदारहरू हुन् । आयोजना डिजाइनको सम्भाव्यता निर्धारण गर्न सरकारी र विकास साझेदार बिच निरन्तरको परामर्श, स्थानीय बासिन्दाहरू र व्यावसायिक समुदायका लागि सामाजिक-आर्थिक सर्भे र उपभोक्ता समितिहरूसँग सञ्चार मार्फत आयोजना डिजाइनलाई अन्तिम रूप दिइएको छ । यो आयोजना उपआयोजना क्षेत्रमा खानेपानी सेवा उपलब्ध गराउनका लागि हो । त्यसैले गरिब, महिलाको नेतृत्वमा रहेका र अल्पसङ्ख्यक घरधुरीलाई सुधारिएको सेवाबाट बञ्चित नगराउने गरी उपआयोजनाको क्षेत्र निर्धारण गर्नु महत्वपूर्ण हुन्छ । गरिब र लाभबाट बञ्चितीमा परेकाहरूलाई लक्ष्यित समूह छलफल, अन्तर्वार्ता र स्थानीय बैठकहरूमार्फत् संलग्न गराउन सकिन्छ वा उपयुक्त स्तरको संवेदनशीलता कायम राख्न बेग्लाबेग्लै लक्ष्यित समूहहरूका लागि बेग्ला बेग्लै रूपमा आयोजना गर्न सकिन्छ ।

## आयोजना कार्यान्वयनको क्रममा

आयोजना एडिबीको खानेपानी तथा सहरी सञ्चालन योजना र यसको नेपालका लागि राष्ट्रिय साझेदारी रणनीति, २०१३-२०१७ सँग मिल्ने छ । रणनीतिले (१) साना नगरहरूमा खानेपानी तथा सरसफाइमा समावेशी पहुँच तथा सेवाको स्तर वृद्धि, र (२) स्थानीय सरकार, सेवा प्रदायक र नगर विकास कोषको संस्थागत सुदृढीकरण र क्षमता विकासमा एडिबीले सहयोग गर्नेछ भन्दछ ।

## ■ वर्णन

आयोजनाले नेपालमा चयनमा परेका साना नगरहरूलाई खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन नेपाल सरकारलाई सहयोग गर्दछ । सरकारको सन् २००९ को साना सहरहरूमा खानेपानी तथा सरसफाई सम्बन्धी १५ वर्षे योजना अनुसार एसियाली विकास बैंक (एडीबी) ले अघिल्ला दुई आयोजनाहरूमार्फत नेपालका २६५ साना नगरहरूमध्ये ५० वटामा खानेपानी तथा सरसफाई सेवामा सरकारलाई सहयोग गरेको छ । अघिल्ला आयोजना कार्यान्वयनका क्रमका अनुभव र सिकिएका पाठलाई ध्यानमा राख्दै यस आयोजनाले छानिएका नगरहरू (आयोजना नगर) मा खानेपानी तथा सरसफाईका पूर्वाधारमा र क्षेत्रगत नीति, नियमन र संस्थागत क्षमता, सेवा प्रदान र आयोजना व्यवस्थापनका अभौतिक क्षेत्रमा लगानी गर्नेछ ।

## ■ आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध

नेपालमा द्रुत सहरीकरण भइरहेको छ । सन् २०११ मा ७५ लाख रहेको अनुमान गरिएको सहरी जनसङ्ख्या सन् २०२७ सम्ममा ३२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । कुल गार्हस्थ उत्पादनको ६५ प्रतिशत योगदान दिने गरी सहरी क्षेत्र आर्थिक वृद्धिको इन्जिन रहे पनि अव्यवस्थित सहरीकरणले वातावरणीय जोखिम निम्त्याउँछ र आर्थिक अवसरहरू र सहरी पूर्वाधार तथा सहरी सेवालाई बढ्दो जनसङ्ख्या अनुरूप बढाइएन भने यो सहरी गरिबी बढाउनेतर्फ उन्मुख हुन्छ । सन् २००४ मा ९.२ प्रतिशत रहेको शहरी क्षेत्रको गरिबी सन् २०११ म आइपुग्दा १५.५ प्रतिशत हुनुले पनि यसलाई उजागर गर्नुनका साथै नगर सेवाहरूको बढ्दो मागलाई उजागर गरेको छ । सन् २०११ मा सुधारिएका खानेपानी मुहान प्रयोग गर्ने जनसङ्ख्या देशको कुल जनसङ्ख्याको ८५ प्रतिशत (८७ प्रतिशत सहरी, ८४ प्रतिशत ग्रामीण) रहेको थियो जबकि सुधारिएको सरसफाई सेवा प्रयोग गर्नेको हिस्सा ६२ प्रतिशत (९१ सहरी र ५५ ग्रामीण) रहेको थियो । तर पाइपबाट आपूर्ति गरिएको खानेपानी उपभोग गर्ने मानिसको सङ्ख्या अझै पनि कुल जनसङ्ख्याको २० प्रतिशतभन्दा पनि कम रहेको छ र धेरै क्षेत्रमा त्यो सेवाको उपलब्धता वर्षभरी निरन्तर रूपमा उपलब्ध छैन र अधिकांश प्रणाली पुनःनिर्माण गर्नु पर्नेछ । सेवा उपलब्ध नभएका क्षेत्रहरूमा पानीका स्रोतहरू या प्राकृतिक झरना, धारा वा इनार र हाते कल रहेका छन् । वाटर एड् अनुमान, सन् २०१० अनुसार साना नगरहरमा ५ प्रतिशतभन्दा कम जनसङ्ख्यालाई मात्र पाइपको पानीमा पहुँच रहेको छ र सरसफाईले ३६ प्रतिशत समेट्छ । खुला रूपमा मलमुत्र त्याग गरिएको प्रदूषित खानेपानीका स्रोतहरूले गम्भीर स्वास्थ्यको जोखिमतर्फ उन्मुख गराउँछ । हरेक वर्ष पाँच वर्षमुनिका १३ हजार बालबालिकाको मृत्यु झाडापखालाका कारण हुने गर्दछ ।

## विकास प्रभाव

आयोजना सञ्चालन भएका सहरहरूमा जीवन निर्वाहको अवस्थामा सुधार भएको ।

## आयोजनाको नतिजा

| उपलब्धिको विवरण | उपलब्धिका लागि भएको प्रगति विवरण |
|---|---|
| आयोजना सञ्चालन भएका सहरहरूमा समावेशी, लैङ्गिकता केन्द्रित र दिगो खानेपानी तथा सरसफाई सेवा प्रदान । | – |

## उपलब्धि र कार्यान्वयनको प्रगति विवरण

| आयोजनाका उपलब्धिहरूको विवरण | आयोजना प्रगति विवरणको अवस्था (उपलब्धि, कार्यक्रमहरू र विषय वस्तुहरू) |
|---|---|
| १. सुधारिएको खानेपानी तथा सरसफाई पूर्वाधार । २. क्षेत्रगत नीति, नियामक र संस्थागत क्षमता तथा सेवा प्रदान सुदृढीकरण । ३. सुधारिएको आयोजना कार्यान्वयन । | – |
| **विकास लक्ष्यहरूको अवस्था** | **सञ्चालन/निर्माणको अवस्था** |
| – | – |
| **भौतिक परिवर्तन** | |
| – | |

## व्यावसायिक अवसरहरू

**पहिलो सूचीकरण मिति** २०६९ चैत २६

**परामर्श सेवाहरू**

सबै परामर्शदाताहरूको नियुक्ति एडिबीको परामर्शदाता प्रयोगसम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।

**खरिद**

सबै वस्तु तथा सेवाको खरिद एडिबीको खरिद निर्देशिका बमोजिम गरिनेछ । ओपेकको अन्तर्राष्ट्रिय विकास कोषको ऋणअन्तर्गतको खरिदमा पनि एडिबीको खरिद निर्देशिका लागु हुनेछ । १० लाख अमेरिकी डलरभन्दा बढीका कुनै पनि सिभिल वर्क र ५ लाख डलरभन्दा बढीका कुनै पनि वस्तुको ठेक्का अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्रको प्रक्रियाबाट गरिनेछ । १० लाख डलर वा सोभन्दा कमको सिभिल वर्क र ५ लाख अमेरिकी डलर वा सोभन्दा कमको वस्तुको ठेक्का राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्रको प्रक्रिया अनुसार खरिद गरिनेछ । एक लाख डलरभन्दा कम मूल्य पर्ने सिभिल वर्क र वस्तुको ठेक्का सोझै (सपिङ्ग मार्फत) खरिद गरिनेछ । दश हजार डलरभन्दा कम मूल्य पर्ने सिभिल वर्क र वस्तुको ठेक्काका लागि सामुदायिक सहभागिताको उपयोग गरिनेछ । स्थानीय समुदाय र ठेकेदार वा खानेपानी

उपभोक्ता संघ वा स्थानीय निकायले लिएका ज्यादै साना ठेक्काका काम जस्तो कि तारजाली निर्माण, ओसिलो ठाउँलाई ओभानो पार्न प्रयोग गरिने वस्तु निर्माण आदिमा सामुदायिक सहभागिता अपनाइने छ । एसियाली विकास कोषबाट लगानी भएको स्रोतको सहलगानीको पनि सञ्चालन एडिबीबाट भएको हुँदा यस आयोजनाअन्तर्गत लगानी हुने सबै खरिदमा विश्वव्यापी खरिद प्रक्रिया लागु हुनेछ ।

**खरिद र परामर्श सूचना**

http://www.adb.org/projects/35173-013/business-opportunities

## समय तालिका

| | |
|---|---|
| **अवधारणा पारित** | २०६९ चैत २३ (५ अप्रिल २०१३) |
| **ड्यू डिलिजेन्स भ्रमण** | २०७० चैत १७ (३१ मार्च २०१४) देखि<br>२०७० चैत २८ (११ अप्रिल २०१४) सम्म |
| **लगानी समितिको बैठक** | २०७१ असार १६ (३० जुन २०१४) |
| **स्वीकृत** | २०७१ असोज ३ (१९ सेप्टेम्बर २०१४) |

## महत्वपूर्ण तथ्याङ्कहरू

| स्वीकृत नम्बर | स्वीकृत | हस्ताक्षर | प्रभावकारिता | समाप्ति | | |
|---|---|---|---|---|---|---|
| | | | | मूल | परिष्कृत | वास्तविक |
| – | – | – | – | – | – | – |

## उपयोगिता

| मिति | स्वीकृत नम्बर | एडीबी (अमेरिकी डलर हजारमा) | अन्य (अमेरिकी डलर हजारमा) | खुद प्रतिशत |
|---|---|---|---|---|
| **सञ्चित ठेक्का सम्झौता निर्णय** | | | | |
| – | – | – | – | – |
| **सञ्चित निकाशा/खर्च** | | | | |
| – | – | – | – | – |

## ■ सम्झौतापत्रको अवस्था

सम्झौतापत्रहरूलाई निम्न भागहरूमा वर्गीकरण गरिएको छ : लेखापरीक्षण गरिएको आयोजनाको वित्तीय विवरण, सुरक्षणहरू, सामाजिक, क्षेत्र, वित्तीय, आर्थिक र अन्य । सम्झौताको पालनालाई देहाय बमोजिम वर्गीकरण गरी विभाजन गरिएको छ : १) सन्तोषजनक – सम्झौतापत्रमा भएका सबै कामहरू भएका हुने छन्, बढीमा एउटासम्म अपवाद स्वीकार गरिनेछ । २) आंशिक सन्तोषजनक – कुनै भागका बढीमा दुई वटासम्म दायित्वहरू सम्पन्न गर्न बाँकी भएको अवस्थालाई जनाउने छ । ३) असन्तोषजनक – तीन वा तीनभन्दा बढी दायित्वहरू पुरा गर्न बाँकी भएको अवस्था । सार्वजनिक सञ्चार नीति, सन् २०११ बमोजिम आयोजनाको वित्तीय विवरणका लागि सम्झौतापत्रको पालन २०६८ चैत २० (२०१२ अप्रिल २) पछि सम्झौताका लागि आह्वान गरिएका आयोजनामा मात्र लागु हुन्छ ।

| स्वीकृत नम्बर | भाग | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षेत्र | | क्षेत्र | | क्षेत्र | | क्षेत्र |
| ऋण ३१५७ | – | – | – | – | – | – | – |
| अनुदान ०४०५ | – | – | – | – | – | – | – |

## ■ सम्पर्क र विस्तृत जानकारी

| | |
|---|---|
| **जिम्मेवार एडिबी अधिकृत** | नीता पोखरेल (npokhrel @adb.org) |
| **जिम्मेवार एडिबी विभाग** | दक्षिण एसिया विभाग |
| **जिम्मेवार एडिबी महाशाखा** | सहरी विकास तथा खानेपानी महाशाखा, एसएआरडी |
| **कार्यान्वयन गर्ने निकाय** | सहरी विकास मन्त्रालय |

## ■ लिङ्कहरू

| | |
|---|---|
| **आयोजना वेबसाइट** | http://www.adb.org/projects/35173-013/main |
| **आयोजनासम्बन्धी सामग्री** | http://www.adb.org/projects/35173-013/documents |